कार्यपालिकाबाट स्वीकृत मिति : २०७५/०४/१४

# कैलारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हसुलिया, कैलाली

**कैलारी आर्थिक सहायता कार्यबिधि, २०७५( पहिलो संसोधन,०७५)**

# आर्थिक सहायता कार्यविधि, २०७५

**प्रस्तावना:** कैलारी गाउँपालिकाबाट प्रदानगरिने आर्थिक सहायतालाई छिटो, छरितो, मितब्ययी, पारदर्शी एवं प्रभावकारी रुपमा प्रवाह गर्न र सहायता प्राप्त गर्नेहरुलाई अनुशासित, जबाफदेही, उत्तरदायीबनाई परिणाम हासिल गर्न, कैलारी गाउँपालिकाको कोषको सही सदुपयोग गर्न र गराउन, सामाजिक सुरक्षा र संरक्षण प्राप्तगर्ने नागरिकहरुको मौलिकहकको प्रत्याभूतगर्न स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी कैलारी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाइ जारी गरेको छ ।

## १.आर्थिक सहायता प्रदान गर्न सकिने

तपशिलको अवस्थाका व्यक्ति वा निजका अभिभावकवा संरक्षकलाइ यसै कार्यविधि बमोजिम तोकिएको प्रक्रिया पूरा गरी तोकिएको समितिको सिफारिसमा अध्यक्षले रु. पन्ध्र सय देखी पाँच हजार सम्म नगदै वा सो बराबर सम्मको जिन्सी सहायता गर्न सक्नेछ ।

क) विरामी,
ख) अशक्त-अपाङ्ग,
ग) परिवारबाट विस्थापित सहाराविहीन वृद्ध, वृद्धा,
घ) अतिविपन्नव्यक्तिहरु
ड) प्राकृतिकविपत्ति तथा विपद्मा परेका घरबार विहिनव्यक्तिहरु

## २.आर्थिक सहायता प्रदानगर्ने तरिका:

२.१ कैलारी गाउँपालिकाले आर्थिक सहयोग उपलव्ध गराउँदा निम्न प्रक्रिया अवलम्वन गर्नेछ ।

**क)** सम्वन्धित व्यक्ति वा नीजको अभिभावक वा नीजको संरक्षकको निवेदन ।
**ख)** अपाङ्गको हकमा सम्वन्धित निकायबाट जारी अपाङ्ग परिचयपत्र ।
**ग)** प्राकृतिक विपत्ति तथा विपद्मा परेकाको हकमा प्रहरी सर्जमिनमुचुल्का ।
**घ)** अशक्त, सहाराविहीन वृद्ध, वृद्धा, अतिविपन्न व्यक्तिहरुको हकमा वडा कार्यालयको सिफारिस ।
**ङ)** विरामीको हकमा निवेदन साथ सम्वन्धित अस्पताल, नर्सिङ होम वा स्वास्थ्य क्लिनिक वा जाँचगर्ने डाक्टरले जाँच गरेको प्रमाणको प्रतिलिपी । यस्तो कागजात निवेदन दिने मितिभन्दा १ एक महिना पूरानो भएमामान्य हुने छैन । साथै सम्वन्धित डाक्टरले उपचारको लागि लेखीदिएको औषधीहरुको विवरण र सो खरिदको लागि अनुमानित लाग्ने खर्चको विवरण सहित सामाजिक समितिको सिफारिस । तर,माथिजुनसुकै कुरा लेखिएको भएतापनि कडा रोग लागि अपरेशन गर्नुपर्ने, कुनै अङ्ग फेर्नुपर्ने वा उपचारका लागि धेरै खर्च लाग्ने भएमा सो को मेडिकल वोर्डको सिफारिस समेत पेश गर्नु पर्नेछ । मेडिकल वोर्डको सिफारिस सहीत सहयोग माग भएको हकमा कैलारी गाउपालिकाको वडा कार्यालयको सिफारिस बमोजिम कैलारी गाउँपालिकाको गाउँकार्यपालिका वैठकमा पेश गरी निर्णय भएवमोजिम बिरामीको अवश्था र औचित्य हेरी आर्थिक सहयोग उपलव्ध गराउन सकिनेछ ।

२.२ उपरोक्त बमोजिम सहयोगका लागि आउने निवेदनदर्ता गर्दा गाउँपालिकाले निवेदकको अवस्थाको गाम्भिर्यता प्रति विश्वस्त हुन आवश्यकता अनुसार सम्वन्धित वडा कार्यालयको सिफारिस समेत मागगर्न सक्नेछ ।

## ३. स्विकृत आर्थिक सहयोगको भुक्तानी

दफा १ र २ बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भएमा प्रमुख प्रशासकीय अधिकृतले गाउँसभाबाट विनियोजित मिल्दो शीर्षकको बजेटबाट निवेदकलाइ निर्णयानुसारको आर्थिक सहयोग उपलब्ध गराउने व्यवस्थागर्नेछ।

## ४. एक ब्यक्तिलाइ एक पटक मात्र सहयोग उपलब्ध गराउन सकिने

माथि जुनसुकै कुरा लेखिएको भएता पनि दफा २ को उपदफा'ग'बमोजिमको सहयोग बाहेकको हकमा एक व्यक्तिलाइ एक आर्थिक वर्षमा एकपटक भन्दा बढी एकै शीर्षकमा आर्थिक सहयोग उपलब्ध गराइने छैन।

## ५. बिबिध

**५.१ बाझिएमा:** यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरु स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचलित कानुन संग बाझिएमा बाझिएको हद सम्म अमान्यहुने छ।

**५.२ कारबाही:** यस कार्यविधि विपरित आर्थिक सहयोग वितरण गरिएमा, त्यस्तो निर्णय वा आदेश दिने, आदेश दिन वा निर्णय गर्न सिफारीस तथा सहयोग गर्ने कर्मचारी तथा पदाधिकारी बाट असुलउपर गरिने छ।

**५.३ यसै कार्यविधि बमोजिम भए गरेको मानिने:** यस अघि यस गाउँपालिकाबाट भएका वा दिइएका आर्थीक सहयोग वा सहायता यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।